चम्पादेवी गाउँपालिका

# राजश्व सुधार कार्ययोजना

# (Revenue Improvement Action Plan)

जेष्ठ २०७९


चम्पादेवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कालिका, ओखलढुङ्गा

प्रदेश नं. १, नेपाल

**राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) २०७९**

**प्रकाशक:** चम्पादेवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कालिका, ओखलढुङ्गा, प्रदेश नं. १ , नेपाल

सम्पर्क फोन:

वेभसाइट: https://champadevimun.gov.np

इमेल: Champadevirm@gmail.com, ito.champadevimun@gmail.com

**©सर्वाधिकार:** प्रकाशकमा

**परामर्शदाता:** सेवा तारा रिसर्च एण्ड डेभलपमेन्ट जनकपुर

**प्रतिवेदन वर्ष: जेष्ठ, २०७९**

# विषय सूची


परिच्छेद एकः ........................................................................................................ ६

परिचय ................................................................................................................ ६

१.१ कार्ययोजनाको बारेमा ........................................................................................ ६

१.२ कार्ययोजनाको औचित्य ...................................................................................... ६

१.३ कार्ययोजना निर्माणको उद्देश्य ............................................................................... ७

१.४ कार्ययोजना तर्जुमा विधि तथा प्रक्रिया ...................................................................... ७

१.४.१. पुर्व चयारी चरणः कार्यदल गठन ........................................................................... ७

*१.४.२ पहिलो चरण : क) सन्दर्भ सामग्री संकलन तथा अध्ययन* ............................................. ७

*१.४.२ पहिलो चरणः ख) तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास* ................................ ९

*१.४.३ दोश्रो चरण : अभिमुखीकरण तथा कार्यशाला आयोजना* ............................................. ९

*१.४.४ तेश्रो चरण : तथ्यांक/सूचना संकलन तथा विश्लेषण* ................................................. 9

*१.४.५ चौथो चरणः राजश्व सुधार कार्ययोजना तयारी* ........................................................ 10

*१.४.६ पाँचौं चरणः राजश्व प्रक्ष्येपण* .............................................................................. १०

*१.४.७ छैठौं चरणः कार्ययोजना दस्तावेज/प्रतिवेदन मस्यौदा तयारी* ......................................... ११

*१.४.८ सातौं चरणः मस्यौदामा सुझाव* ............................................................................ १२

*१.४.९ आठौं चरण : अन्तिम दस्तावेज पेश* ........................................................................ १२

१.५. अध्ययनको सीमा .............................................................................................. 12

२.१ गाउँपालिकाको संक्षिप्त परिचय .............................................................................. १३

२.२ गापाको मानवीय संसाधन ..................................................................................... १३

२.३ गाउँपालिकाको भौतिक सम्पत्ति .............................................................................. १४

परिच्छेद – तीनः ..................................................................................................... १५

स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाब्यता ..................................................... १६

३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था ........................ १७

३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था ............................................................ १८

*३.३.१ कर राजश्व* ...................................................................................................... १९

*३.३.२ गैर कर राजश्व* .................................................................................................. २२

परिच्छेद – चारः ..................................................................................................... २६

आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था .................................................... २६

४.१ राजश्व परिचालन सम्बन्धी नीति ........................................................................... २६

४.२ आय परिचालनको विगत तथा वर्तमान अवस्था ........ २६

४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता ........ ३०

४.५. राजश्व परिचालनमा रहेका सवालहरू ........ ३०

परिच्छेद – पाँचः ........ ३२

राजश्व सुधार कार्ययोजना ........ ३२

५.१ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना ........ ३२

परिच्छेद – छः ........ ३६

आगामी ३ बर्षको आय प्रक्षेपण ........ ३६

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ........ ३६

६.२ गाउँपालिकाको आगामी ३ आर्थिक बर्षको आन्तरिक आयको प्रक्षेपण ........ ३९

परिच्छेद – सातः ........ ४४

अनुगमन तथा मूल्याङ्कन ........ ४४

७.१ कार्ययोजनाको अनुगमन तथा मुल्यांकन ........ ४४

अनुसूचीहरु ........ ४५

अनुसूची १ : सन्दर्भ सामग्रीहरु ........ ४६

अनुसूची २ : तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सुची ........ ४७

अनुसूची ३ : कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण ........ ५८

अनुसूची ४: उपस्थिति विवरण ........ ५९

अनुसूची ५ : मस्यौदा प्रस्तुती तथा छलफल कार्यशालाको उपस्थिति विवरण ........ ६०

# तालिकाको सूची

तालिका १.१: गाउँपालिकाका कर्मचारीहरुको विवरण ........ १३
तालिका २: स्थानीय राजश्व परामर्श समिति ........ २६
तालिका ३: गाउपालिकाको आय बृद्धिदर ........ २७
तालिका ४: गाउपालिकाको आन्तरिक आयमा योगदान ........ २९
तालिका ५: गाउपालिकाको कूल आयमा योगदान ........ २९
तालिका ६.१: राजस्व सूधार कार्ययोजनाका आधारमा आय प्रक्षेपणका आधारहरु ........ ३६

# परिच्छेद एकः
# परिचय

यस परिच्छेदमा गापाको राजश्व सुधार कार्ययोजना सम्बन्धी परिचय, औचित्य, उद्देश्य र कार्ययोजना तर्जुमा सम्बन्धी विस्तृत चरण तथा प्रकृयाहरु प्रस्तुत गरिएको छ ।

## १.१ कार्ययोजनाको बारेमा

चम्पादेवी गाउँपालिकाको राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan ) प्रतिवेदन तयार गरिएको छ । प्रदेश नं १ अन्तरगत ओखलढुङ्गा जिल्लामा रहेको यस गापाको राजश्व परिचालनको अवस्था अध्ययन तथा विश्लेषण गरी राजश्व सुधारकोलागि गर्नुपर्ने कार्यहरुको पहिचान गरीएको छ । यस कार्ययोजनाले गापाको राजश्व सम्भावना, विद्यमान आय र  सुधारकोलागि गर्नुपर्ने कार्यकोलागि मार्गदर्शन गर्ने तथा अनुगमनकोलागि आधार दिने छ । यसका अतिरिक्त, यस कार्ययोजनाको आधारमा गापाको आगामी ३ बर्षको आन्तरिक आय प्रक्षेपण गरिएको छ, जसले गापाको आगामी बर्षहरुको वजेट तयार गर्न, संघीय सरकार तथा प्रदेश सरकारमा अनुमान प्रक्षेपण गर्न र आय वृद्धि गर्न सहयोग गर्ने विश्वास लिईएको छ । यस कार्ययोजना दस्तावेज तथा प्रतिवेदनले देहाय अनुसार विषयवस्तु तथा भागहरु समेटेको छ ।

- परिचयः कार्ययोजनाको औचित्य, उद्देश्य तथा प्रकृया तथा चरणहरु
- गाउँपालिकाको परिचय
- स्थानीय तहको राजश्व अधिकार तथा आय संभाब्यता (विद्यमान)
- आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
- राजश्व सुधार कार्ययोजना तथा आगामी ३ वर्षको आय प्रक्षेपण

यो कार्ययोजना आव २०७८/०७९ देखि २०८०/०८१, तीन वर्षको लागि तयार गरिएको छ । यस कार्यका लागि प्रदेश प्रशिक्षण केन्द्र कलवलगुढी झापाले प्रादेशीक तथा स्थानीय शासन सहयोग कार्यक्रम तथा गाउँपालिकाको सहयोगमा आर्थिक सहयोग गरेको छ । यसका लागि प्राविधक परामर्श सेवा तारा रिसर्च एण्ड डेभलमेन्ट जनकपुरले गरेको छ ।

## १.२ कार्ययोजनाको औचित्य

नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ को ब्यवस्था अनुसार स्थानीय तहहरुलाई स्थानीय स्तरमा आय संकलन गर्ने अधिकार प्रदान गरेको छ । यस अधिकारको क्षेत्र अनुसार स्थानीय तह आफैले कर तथा शुल्कको दर निर्धारण गरी संकलन गर्न सक्ने ब्यवस्था छ । संविधानको अनुसूची ८ (४) र ऐनको परिच्छेद ९ को प्रावधान अनुसार स्थानीय तहलाई प्रदान गरिएका मुख्य करहरुमा सम्पत्ति कर, मालपोत वा भूमि कर, ब्यवसाय कर, घरजग्गा वहाल कर रहेको छ भने शुल्कमा प्राकृतिक श्रोत विक्री तथा निकासी, नक्सापास, इजाजत, प्रमाणित, सिफारिश आदि रहेको छ । यसका अतिरिक्त स्थानीय तहलाई प्राकृतिक स्रोतहरुको विक्री, निकासीवाट समेत आय संकलन गर्न सक्ने ब्यवस्था रहेको छ ।

स्थानीय तहलाई आन्तरिक आय संकलन तथा परिचालनका लागि उल्लेख्य अधिकार प्राप्त गरेपनि स्थानीय तहहरुले अधिकारको पुर्णरुपमा उपयोग गरि स्थानीय श्रोत संकलन तथा परिचालन गर्न सकिरहेका छैनन् । जसको मुख्य कारण त्यसकोलागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक ब्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाब्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी रहेको छ । साथै आन्तरिक आय संकलनमा वृद्धि तथा कमि वाट हुन सक्ने तत्कालिन तथा दिर्घकालिन असर तथा फाईदाका वारेमा जानकारी तथा समान वुझाईको कमि समेत रहेको छ ।

माथि उल्लेखित  अवस्था सुधारका लागि स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई स्थानीय तहको आन्तरिक आय सम्बन्धी ब्यवस्था तथा प्रावधान्वारे अभिमूखीकरण आवश्यक देखिएको छ । यसका साथै स्थानीय तहको आन्तरिक आय सम्बन्धी सम्भाव्यता अध्ययन तथा प्रक्ष्यपण समेत अत्यावश्यक रहेको देखिन्छ । यसै कार्यमा सहजिकरण तथा सहयोगका लागि संघीय सरकारले गाउँपालिका तथा नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ समेत जारी गरेको छ ।

यसै परिवेशमा, चम्पादेवी गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका आयका श्रोत तथा दायरा पहिचान गरि आन्तरिक आय प्रक्षेपण गरेको छ। यस प्रकृयामा गापाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई आय परिचालन समवन्धमा अभिमुखिकरण, आयको दायरा विस्तार, दरमा सुधार, प्रशासनिक ब्यवस्थामा सुधार तथा नयाँ स्रोतहरुको पहिचान गरी सो को सम्भाब्यता पहिचान गर्न कार्यशाला आयोजना, कर तथा शुल्कको दर निर्धारणमा सहयोग, तथा आन्तरिक नियन्त्रण प्रणालीको स्थापनामा हुने विश्वास लिईएको छ। कार्ययोजनामा राजश्व सुधार कार्ययोजना र आगामी तीन आवको आयको प्रक्षेपण समावेश गरिएको प्रतिवेदन तयार समेत गरिएको छ।

## १.३ कार्ययोजना निर्माणको उद्देश्य

यस निर्माणको समग्र उद्देश्यगापाको आन्तरिक आयको विद्यमान अवस्था विश्लेषण, आन्तरिक स्रोतको संभावना विश्लेषण तथा आगामी ३ बर्षको आय प्रक्षेपण सहितको राजश्व सुधार कार्ययोजना तयार गर्नु हो। विष्तृत उद्देश्यहरु देहाय अनुसार छन् :

- गाउँपालिकाको आय अधिकार तथा राजश्व सुधार कार्ययोजना सम्वन्धमा नपाका पदाधिकारी, सरोकारवाला तथा कर्मचारीहरुलाई अभिमुखिकरण गर्ने।
- आन्तरिक आय बृद्धिका`लागि आयका प्रमुख स्रोतहरुको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने।
- राजश्व प्रशासनको संस्थागत ब्यवस्था, कार्यप्रकृया तथा विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने।
- गाउँपालिकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार रणनीति र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने।
- आय परिचालनको लागि क्षमता विकासका मुख्य क्षेत्रहरुको पहिचान गरी सुझाव प्रदान गर्ने।

## १.४ कार्ययोजना तर्जुमा विधि तथा प्रक्रिया

### १.४.१. पुर्व चयारी चरण: कार्यदल गठन

राजश्व सुधार कार्ययोजना तर्जुमा कार्य प्रारम्भ गर्नुअघि स्थानीय तहले केही पूर्वतयारी कार्य सम्पन्न गर्नुपर्ने हुन्छ। यस्तो पूर्व तयारी कार्यको शुरुआत राजस्व परामर्श समितिबाट यस कार्यको लागि गरिने नीतिगत निर्णयबाट हुन सक्दछ। बजेटको व्यबस्था र नीतिगत निर्णयसँगै राजश्व सुधार योजना कसरी तयार गरिन्छ भन्ने यसका प्रकृयागत पक्षहरु बारे स्पष्ट हुन जरुरी हुन्छ। यस कार्यका लागि राजस्व परामर्श समितिको मातहतमा पदाधिकारी तथा कर्मचारीहरु समेत गरी ५ देखि ७ जनासम्म सदस्य रहेको कार्यदल गठन गरिएको छ।

### *१.४.२ पहिलो चरण : क) सन्दर्भ सामग्री संकलन तथा अध्ययन*

यस चरणमा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यसँग सम्बन्धित सन्दर्भ सामग्रीको अध्ययन गरिएको छ। यस चरणमा कार्ययोजना तर्जुमाका लागि स्थानीय तहबाट गठन गरिएको कार्यदलले स्थानीय तहको राजश्व परिचालन सम्वन्धी संबैधानिक तथा कानूनी ब्यवस्था, यससँग सम्बन्धित विभिन्न अध्ययन प्रतिवेदनहरु, स्थानीय तहका वार्षिक वजेट तथा कार्यक्रमहरु एवम् प्रकाशनहरु अध्ययन गरिएकोछ। राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सन्दर्भमा अध्ययन गर्न उपयुक्त देखिएका केही मुख्य सन्दर्भ सामग्रीहरुको सूची तल उल्लेख गरिएको छ

- नेपालको संविधान २०७२
    - राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड (भाग १९ : धारा २२८ देखी २३० सम्म), ( स्थानीय आर्थिक प्रणाली (भाग १९ : धारा २२८ देखी २३० सम्म), ( संघ, प्रदेश तथा स्थानीय सरकारको अधिकार सूची (अनुसूची ५ देखी ९ सम्म),

- स्थानीयसरकार सञ्चालन ऐन, २०७४
    - (गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार (परिच्छेद: ३,) ( गाउँपालिका तथा नगरपालिकाको वित्तिय अधिकार क्षेत्र (परिच्छेद: ९), ( गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणाली (परिच्छेद: १०),
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
    - राजस्वकोअधिकार (परिच्छेद: २), ( राजस्वको बाँडफाँड (परिच्छेद: ३), ( अनुदानको व्यवस्था (परिच्छेद: ४), ( वैदेशिक सहायता तथा ऋण (परिच्छेद: ५), ( आय व्ययको प्रक्षेपण गर्ने ( दफा १८), ( राजस्व प्रस्ताव तयार गर्ने (दफा १९), ( वित्तिय अनुशासन (परिच्छेद: ८), ( नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले लगाउन सक्ने कर (अनुसूची १,२ र ३), प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (अनुसूची ४)।
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
    - प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँड तथा अनुदान (परिच्छेद ४)
- केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन
    - स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी विषयमा भएका गरिएका संशोधनहरु
- नेपाल सरकारको आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को वार्षिक बजेट तथा कार्यक्रम र आर्थिक ऐनहरु
- प्रदेश सरकारको वार्षिक वजेट वक्तव्य र प्रदेश आर्थिक ऐनहरु
    - स्थानीय तह र प्रदेश सरकारबीच साझा अधिकार सूचीका विषयमा प्रदेश कानूनले गरेका व्यबस्थाहरु
- एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४
    - स्थानीय तहको राजस्व प्रक्षेपणको ढाँचामा एकरुपताका लागि
- स्थानीय तहको वस्तुगत विवरण ( प्रोफाईल)
- कर तथा गैरकर राजश्व सम्वन्धी नमूना कानून, २०७४
- एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७४
- स्थानीय तहको आर्थिक ऐनको नमूना, २०७४
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरु
- गाउँपालिकाको विभिन्न आर्थिक वर्षहरुको गाउँ विकास योजना, बजेट तथा कार्यक्रमहरु
- गाउँपालिका तथा नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६
- गापाको विगत तीन आवको तथा चालु आवका आय र व्यय सम्बन्धी दस्तावेजहरु
- गापाका आर्थिक ऐनहरु
- गापाको बार्षिक बजेट तथा कार्यक्रमहरु
- संघ तथा प्रदेशले उपलब्ध गराएका कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरु
    - स्थानीय तहको राजस्व अधिकारको उपयोगका लागि कानूनी र नीतिगत व्यबस्था

### *१.४.२ पहिलो चरण: ख) तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास*

सन्दर्भ सामाग्री अध्ययन तथा विश्लेषण पश्चात तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक विधि प्रकृया तथा फारमहरु विकास गरियो। तथ्यांक संकलनको लागि प्रयोग गरिएको फारम **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### *१.४.३ दोश्रो चरण : अभिमुखीकरण तथा कार्यशाला आयोजना*

यस पश्चात स्थानीय तहको राजश्व परिचालन सम्वन्धमा गाउँपालिकाका पदाधिकारीहरु, राजश्व परामर्श समिति, कर्मचारीहरु तथा अन्य सरोकारपक्षहरुलाई अभिमुखिकरण गर्न तथा राजश्व सुधार कार्ययोजना तर्जुमा गर्न २०७९ साल जेष्ठ २२ गते आइतबारका दिन गते दुई चरणमा आन्तरिक आय तथा राजश्व सुधार योजना तर्जुमा कार्यशाला आयोजना गरिएको थियो । पहिलो चरणमा राजश्व अवधारणा, प्रकृया तथा कानुनी अधिकार तथा स्थानीय तहको आन्तरिक आय क्षेत्र वारे छलफल गरियो । दोश्रो चरणमा गाउँपालिकाको आन्तरिक आयको क्षेत्र, दायरा, सम्भावित दर र सम्भावित वार्षिक कुल आय वारे छलफल र समुहकार्य गरि प्रस्तुती तथा सहमति गरिएको छ । कार्यक्रममा गापा उपाध्यक्ष दिलमाया मगर तथा निमित्त प्रमुख प्रशासकीय अधिकृतसहित पदाधिकारी तथा कर्मचारी,वडाध्यक्ष,वडा सचिव एवं सरोकारवालको सहभागितामा भएको थियो।

उद्घाटन कार्यक्रम पश्चात सहजकर्ताहरुवाट स्थानीय तहको राजश्व अधिकारका सैद्धान्तिक तथा कानुनी र प्रशासनिक पक्षहरुको प्रस्तुती र त्यसमाथि छलफल भएको थियो । गापाका आन्तरिक आयका मुख्य स्रोतहरु, तिनको सम्भाब्यता तथा हालको परिचालनको अवस्थावारे छलफल भई सुधार गर्नुपर्ने पक्षहरुमा समेत बुंदागत रुपमा छलफल भएको थियो । कार्यक्रमको अन्त्यमा राजश्व सुधार कार्ययोजनाको प्रतिवेदन तयारीका लागि आवश्यक पर्ने सूचनाहरुको आवश्यतावारे छलफल गरिएको थियो । कार्यक्रममा २२ जनाको सहभागिता रहेको थियो ।

### *१.४.४ तेश्रो चरण : तथ्यांक/सूचना संकलन तथा विश्लेषण*

योजना तर्जुमा सम्बन्धी कार्यका लागि कार्यशालाबाट प्राप्त गरिने सूचना तथा तथ्यांक र छलफल तथा अन्तरकृयाबाट संकलन गरिने सूचना एबम्तथ्यांक बाहेक कतिपय संस्थागत सूचना तथा तथ्यांकहरु समेत संकलन गरिएको छ । यसका लागि स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरु, राजस्व सम्बन्धी कानूनहरु, प्रगति विबरणहरु तथा खर्चको फाँटवारी, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन, संभव्यता अध्ययन प्रतिबेदनहरु आदिबाट पनि आवश्यक सूचना र तथ्यांक प्राप्त गरिएको छ । त्यसबाहेक, उद्योग वाणिज्य संघ, यातायात व्यबसायीहरुको संगठन, होटल व्यबसायीहरुको संगठन आदि पेशागत एबम् व्यबसायीक संस्थाहरु लगायतका सरोकारवाला पक्षहरुसंगको छलफलबाट पनि आवश्यक सूचना तथा तथ्यांकहरु संकलन गरिएको छ । स्थानीय तहको आर्थिक प्रशासन तथा राजस्व शाखा/महाशाखासँग सम्वन्धित कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरुबाट पनि आवश्यक सूचना तथा तथ्यांक प्राप्त गरिएको छ। साथै स्थानीय स्रोत संकलनका संभाव्य क्षेत्रहरुको स्थलगत अवलोकन, सन्दर्भ सामग्रीहरुको अध्ययन आदिको माध्यमबाट पनि आवश्यक तथ्यांक एवम्सूचनाहरु संकलन गरिएको छ । तथ्यांक संकलनका लागि प्रयोग गरिने फाराम अनुसूची १ मा समाबेश गरिएको छ। स्थानीय तहको राजस्व सुधार योजनाको क्रममा सूचना संकलन गर्ने मूख्य क्षेत्रहरु निम्न हुन सक्दछन्:

- राजश्व प्रशासनको वर्तमान अवस्था
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु
- कम्तीमा विगत तीन आर्थिक वर्षहरुको अनुमानित तथा यथार्थ आय विवरण
- आन्तरिक आयका स्रोत, आधार क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरु सम्बन्धी तथ्यांक तथा सूचना
- राजश्व सुधारका लागि गर्नुपर्ने कार्यहरु तथा सोको जिम्मेवारी, आदि ।

सूचना संकलन पश्चात त्यस्ता सूचनाहरुलाई विश्लेषण गरिएको छ । सूचना विश्लेषणकोलागि तथ्यांकीय विधि तथा विषयगत विश्लेषण विधि दुवैलाई प्रयोगमा ल्याइएको छ। राजश्व सम्वन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरु पहिचानकोलागि विषयगत विश्लेषण विधि प्रयोगमा ल्याइएको छ भने राजश्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण गरी सुधारका उपाहरुको पहिचानका लागि तथ्यांकीय विधि प्रयोगमा ल्याइएको छ । राजस्व परिचालनको संस्थागत तथा नितिगत विश्लेषणका लागि स्थानीय तहको संगठनात्मक र जनशक्ति व्यबस्था, राजस्व प्रशासनसँग

सम्बन्धित अभिलेख प्रणाली, अनुगमन तथा आन्तरिक नियन्त्रण प्रणाली, दण्ड जरिवाना, गुनासो सुनुवाई, कर सम्बन्धी कानूनको परिपालना र लक्ष्य प्राप्तीको अवस्था, निजी क्षेत्रसँगको सहकार्य, करदाता शिक्षा र सहभागिता, संस्थागत संयन्त्रको कृयाशीलता र समन्वय एवम् कर तथा गैर करका क्षेत्रहरुको परिचालनको अवस्था जस्ता पक्षको विश्लेषण गरिएको छ। विषयगत विश्लेषणको नमूना फाराम अनुसूची २ मा समावेश गरिएको छ। विषयगत विश्लेषणको आधारमा राजश्व सुधार कार्ययोजना तयारीको लागि संस्थागत व्यवस्था, नीतिगत व्यवस्था तथा राजश्व परिचालनको अवस्थाको चित्रण गरी सुधारका उपायहरुको पहिचान गरिएको छ । तथ्यांकीय विश्लेषणकोलागि कर तथा गैर करका आधार र करदाता संख्याको पहिचान गरिएको छ। त्यसैगरी प्रति इकाई कर तथा गैर करका दरको अनुमान गरी करदाता संख्याका आधारमा कुल सम्भाब्यता पहिचान गरिएको छ। राजश्व सुधार कार्ययोजना तर्जुमाको क्रममा प्रक्षेपित आय तथा हाल असुल भएको यथार्थ आय अवस्थाको फरक विश्लेषण गरी सुधारकोलागि उपायहरुको पहिचान गरिएको छ। वस्तुगत विश्लेषणको नमूना फाराम अनुसूची ३ मा समाबेश गरिएको छ।

### *१.४.५ चौथो चरणः राजश्व सुधार कार्ययोजना तयारी*

कार्ययोजना तर्जुमा कार्यशालामा समुहगत रुपमा तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा लाई यस चरणमा अन्तिम रुप प्रदान गरिएको छ। माथि उल्लेखित विश्लेषणको आधारमा स्थानीय तहका सरोकार पक्षहरुसंग थप छलफल गरी राजश्व सुधार कार्य योजनाको मस्यौदामा आवश्यक परिमार्जन गरिएको छ। राजश्व सुधार कार्ययोजनाको खाका तल दिईएको छ। राजस्व सुधार कार्ययोजनामा समावेश भएका कतिपय कृयाकलापहरुका लागि बजेट आवश्यक पर्ने हुन्छ। बजेट व्यबस्थापन गर्नुपर्ने कृयाकलापहरुको लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्य बजेट तर्जुमा गर्दा ध्यानदिइएको छ।

### *१.४.६ पाँचौं चरणः राजश्व प्रक्ष्येपण*

राजश्व सुधार कार्ययोजना तयारी पश्चात सोको कार्यान्वयनबाट स्थानीय तहको राजश्व संकलनमा पर्ने प्रभावको समेत विश्लेषण गरी आगामी तीन आर्थिक वर्षमा प्राप्त हुने राजश्वको प्रक्षेपण गर्नुपर्दछ । राजश्व प्रक्षेपणको लागि देहाय अनुसारका विधि तथा आधार लिइएकोछ :

**१, तथ्यांकिय आधार :** करदाताको संख्या, करको दर तथा विद्यमान दायराको अवस्था सम्वन्धी सूचना विधि प्रयोगमा ल्याउन ल्याइएको छ। प्रक्षेपणको लागि दायरा र दरमा हुने सुधारको आधारमा राजश्व प्रक्षेपण गरिएको छ।

**२, विगतको राजश्व बृद्धिदरको आधार :** करदाता संख्या सम्वन्धी सूचना प्राप्त हुन नसक्ने र समयानुकुल दर परिमार्जन हुँदै आएका स्रोतहरुकोलागि यो विधि प्रयोग गरिएको छ उदाहरण : स्थानीय तहले प्रदान गर्ने सिफारिश प्रमाणितमा लिइनेशुल्क वा दस्तुर। विगतको आय बृद्धिदरको आधारमा प्रक्षेपण गर्दा रिग्रेशन विधिलाई पनि प्रयोगमा ल्याइएको छ।

**३, संभौताको आधार :** आम्दानी प्राप्त हुने गरी विगतमा संभौता भएका शिर्षकहरुकोलागि संभौता रकमको आधारमा आय अनुमान गरिएको छ। उदाहरण : आन्तरिक आय ठेक्का, ऋण, अनुदान।

**४, लमसम बृद्धिदर :** स्थानीय तहको नियन्त्रणमा नभएका र संभौता पनि नभएका स्रोतहरुवाट प्राप्त हुने आय अनुमानकोलागि यो विधि प्रयोग गरिएको छ । मुल्य बृद्धि तथा जनसंख्या बृद्धिको योग गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन करिव १० प्रतिशत भएकोले सोलाई आधार मानी गत बर्ष प्राप्त आयमा सोही अनुपालमा बृद्धि गरी आय अनुमान गर्न सकिन्छ। उदाहरण : नेपाल सरकार, प्रदेश सरकार तथा अन्य संघसंस्थावाट प्राप्त हुने अनुदान, राजश्व बाँडफाँड आदि।

**५, अनुमान :** कुनै आय स्रोत सम्वन्धी सूचना नभएको र स्थानीय तहको लागि विल्कुलै नयाँ स्रोत भएमा अनुमानको आधारमा प्रक्षेपण गरिएको छ। उदाहरण : अनुमति दस्तुर।

**६, शुन्य प्रक्षेपणः** आयको संभावना नभएका स्रोतहरु तथा राजश्व प्राप्त हुने एकीन नभएका स्रोतहरुको राजश्व प्रक्षेपण गर्दा शुन्य प्रक्षेपण गरिएको छ।

राजश्व प्रक्षेपणका आधार अनुसार राजश्व सुधार योजनामा कम्तिमा आगामी तीन बर्षको लागि स्थानीय तहको राजश्व प्रक्षेपण गर्न गरिएको छ। यसरी राजश्व प्रक्षेपण गर्दा आम्दानीको स्रोतहरुको वर्गिकण तथा ब्याख्याको ढाँचाका लागि एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ (संशोधन सहित) मा तोकिएको ढाँचा अनुसार आय प्रक्षेपण

गरिएको छ। आय प्रक्षेपण गर्दा बस्तुगत विश्लेषण समेतका आधारमा सकेसम्म वास्तविकतासँग मेल खाने गरी गरिएको छ। आय प्रक्षेपणको ढाँचा अनुसूची ४ मा दिईएको छ।

### *१.४.७ छैठौं चरण: कार्ययोजना दस्तावेज/प्रतिवेदन मस्यौदा तयारी*

स्थानीय राजस्वको विद्यमान अवस्था र संभावनाको विश्लेषण, सुधारका क्षेत्र र कृयाकलाप सहितको कार्ययोजना तयारी तथा कार्ययोजना कार्यान्वयनले आगामी दिनमा पार्नसक्ने प्रभाव समेतका आधारमा राजश्व प्रक्षेपण पश्चात मस्यौदा दस्तावेज/प्रतिवेदन तयारी गरिएको छ। प्रतिवेदन देहायको ढाँचामा तयार गरिएको छ:

**परिच्छेद – एक : परिचय**

- १.१ पृष्ठभूमी
- १.२ राजश्व सुधार योजनाको औचित्य
- १.३ योजनाले राखेका उद्देश्यहरु
- १.४ योजना तर्जुमा विधि र प्रक्रिया
- १.५ योजनाका सीमाहरु

**परिच्छेद – दुई : गाउँपालिकाको संक्षिप्त परिचय**

- २.१ गाउँपालिकाको संक्षिप्त परिचय
- २.२ गाउँपालिकाको मानव संसाधनको अवस्था
- २.३ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

**परिच्छेद – तीन : स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाब्यता**

- ३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था
- ३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था
- ३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण
- ३.३.१ स्थानीय कर राजस्व
- ३.३.२ गैर कर राजश्व

**परिच्छेद – चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था**

- ४.१ राजश्व परिचालन सम्बन्धी नीति
- ४.२ आय संकलनको संस्थागत क्षमता
- ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन
- ४.४ राजश्व परिचालनमा रहेका सवालहरू

**परिच्छेद – पाँच : राजश्व सुधार कार्ययोजना**

- ५.१ गाउँपालिकाकोराजश्व सुधार कार्ययोजना

**परिच्छेद – छ : आगामी तीन बर्षको आय प्रक्षेपण**

- ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण
- ६.२ गाउँपालिकाकोआगामी तीन आर्थिक बर्षको राजश्व प्रक्षेपण

**परिच्छेद – सात: अनुगमन तथा मूल्यांकन**

**अनुसूचीहरु**

### *१.४.८ सातौं चरण: मस्यौदामा सुझाव*

राजश्व सुधार कार्ययोजनाको मस्यौदा दस्तावेज पेश पश्चात गाउँपालिकावाट सुझाव प्राप्त भएको छ । मस्यौदामा गाउँपालिकाले छलफल गरी कार्यदल तथा स्थानीय राजश्व परामर्श समिति मार्फत सुझाव प्रदान गरेको छ । यसका साथै प्रदेश प्रशिक्षण केन्द्र मार्फत समेत सुझाव संकलन गरिएको छ । सुझावमा राजश्वको दायरा पुनर्विचार गर्ने देखि दर तथा प्रक्ष्यपण यथार्थपरक हुनुपर्नेमा जोड दिएको थियो ।

### *१.४.९ आठौं चरण : अन्तिम दस्तावेज पेश*

मस्यौदामा गाउँपालिकावाट सुझाव प्राप्ति पश्चात सो सुझाव परामर्शटोलीले अध्ययन गरेको छ । अध्ययन पश्चात उपयुक्त सुझाव अनुसार दस्तावेज अध्यावधिक तथा परिमार्जित गरी अन्तिम प्रतिवेदन दस्तावेज तयारी गरी गापा तथा प्रदेश प्रशिक्षण केन्द्रमा पेश गरिएको छ ।

## १.५. अध्ययनको सीमा

यो राजश्व सुधार कार्य योजना सिमित स्रोत साधन, पर्याप्त सुचनाको अभाव, सिमित समयका कारण यस अध्ययनका सीमाहरु देहाय अनुसारका रहेका छन् :

- प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितिय स्रोतहरुबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुको आधारमा अध्ययन तथा विश्लेषण गरिएकोछ । यसका अतिरिक्त, सम्वन्धित प्रतिनिधिहरु, कर्मचारीहरु तथा अन्य सरोकारपक्षहरुसंग भएको छलफलवाट प्राप्त सूचनाहरु समावेश गरिएको छ ।
- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने बृद्धि, गाउँपालिकाको सेवामा हुने बृद्धि र नागरिक संन्तुष्टिमा हुने बृद्धि, मुल्यांकन दरमा हुने बृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरुले राजश्वमा पर्ने असरलाई समावेश गरीएको छैन ।
- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनबाट संकलन गरिएको छ । तथ्याङ्क संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।
- संघीय तथा प्रदेश सरकारसंग प्राकृतिक स्रोत तथा पर्यटन शुल्कबाट प्राप्त हुने राजस्वको बाँडफाँडको व्यवस्था नभएकोले यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । सो विषयमा स्पष्टता भए पश्चात यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।

# परिच्छेद – दुई :
# गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा गाउँपालिकाको भौगोलिक, आर्थिक, जनसाँख्यिक तथा सामाजिक अवस्था र गाउँपालिकाको संस्थागत क्षमतावारे छलफल तथा प्रस्तुत गरिएको छ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

### अवस्थितिः

चम्पादेवी गाउँपालिका प्रदेश नम्बर १ अन्तर्गत ओखलढुङ्गा जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र १ र प्रदेश सभा निर्वाचन क्षेत्र (ख) मा पर्दछ अवस्थित छ। यस गापाको पूर्वमा जिल्लाको सुनकोशी गाउँपालिका, पश्चिममा लिखु गाउँपालिका र रामेछाप जिल्ला, उत्तमा लिखु, खिजिदेम्वा र मोलुङ गाउँपालिका र दक्षिण तर्फ सिन्धुली जिल्ला सम्म फैलिएको छ। गापाको केन्द्र कालिकामा अवस्थित छ। गाउँपालिकाको क्षेत्रफल कुल १२६.९१ वर्ग किलोमिटरको क्षेत्रफलमा फैलिएको छ। गापा भएर बग्ने सबैभन्दा ठुला नदीहरुमा सुनकोशी, लिखु र शेरा खोला पर्दछन् भने साना मध्येका पत्ताले खोला, फेदी खोला, सिम्ले खोला, कालो खोला, घ्याङले खोला, पात्ले खोला लगायतका खोलाहरु रहेका छन्।

### गाउँपालिकाको गठन

जिल्लाको साविकका पलाफु, कालिका, फेदिगुठ, फुलबारी, रानीवन र विलन्दु गाउँ विकास समितिलाई समेटी समावेश गरी नेपाल सरकारको २०७४ सालको निर्णय अुसार यस चम्पादेवी गाउँपालिका गठन भएको हो। जम्मा १० वटा वडाहरुमा विभाजित यस गाउँपालिकामा २०७८ सालको जनगणनापको प्रारम्भिक प्रतिवेदन अनुसार कुल घरधुरी ३९७७, परिवार संख्या ४०४० र जनसंख्या १६५२८ (महिला ८३८२ र पुरुष ८१४६) रहेको छ।

## २.२ गाउँपालिकाको मानवीय संसाधन

गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरु मार्फत गाउँपालिकाको कार्य संचालन भई आएको छ।

गापामा हालका लागि संघीय मन्त्रालयले तयार गरी पठाएको संगठन संरचना कार्यन्वयनमा रहेको पाइन्छ । तर शाखा अनुसार कार्यविवरण कर्मचारी र स्पष्ट कार्यादेश बाँकी रहेको छ। २०७८ चैत्त ९ सम्म गाउँपालिकामा जम्मा २१ जना कर्मचारी कार्यरत रहेका छन् (स्वास्थ्य संस्था वाहेक)। यस सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत :

**तालिका १.१: गाउपालिकाका कर्मचारीहरुको विवरण**

| क्र.सं. | पद | तह | सेवा | समूह | उपसहुह | स्वीकृत दरवन्दी | पदपूर्ति भएको दरबन्दी | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औ | प्रशासन | सा.प्र. | | १ | १ | 0 |
| २ | इन्जिनियर | ७/८ औ | इन्जि. | सिभिल | | १ | 0 | १ |
| ३ | अधिकृत | ७/८ औ | शिक्षा | शि.प्र. | | १ | 0 | १ |
| ४ | अधिकृत | ७/८ औ | प्रशासन | लेखा | | १ | 0 | १ |
| ५ | अधिकृत | ६ औ | प्रशासन | सा.प्र. | | २ | १ | १ |
| ६ | आन्तरिक लेखापरीक्षक | ५ औ | प्रशासन | लेखा | | १ | 0 | १ |
| ७ | सहायक | ५ औ | प्रशासन | सा.प्र. | | ८ | १ | ७ |
| ८ | कम्प्यूटर अपरेटर | ५ औ | विविध | | | १ | १ | 0 |
| ९ | लेखा सहायक | ५ औ | प्रशासन | लेखा | | १ | १ | 0 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | प्रा.स. | ५ औ | शिक्षा | शि.प्र. | | १ | 0 | १ |
| ११ | हे.अ. | ५/६ औ | स्वास्थ्य | हे.ई. | | १ | १ | |
| १२ | सव-इन्जिनियर | ५ औ | इन्जि. | सिभिल | | ५ | १ | ४ |
| १३ | अ.सव.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ७ | ५ | २ |
| १४ | स. महिला विकास निरिक्षक | चौथो | विविध | | | १ | १ | 0 |
| १५ | खा.पा.स.टे. | चौथो/पाचौ | इन्जि. | सिभिल | स्यानीटरी | १ | १ | |
| १६ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ६ | ५ | १ |
| १७ | अधिकृत | ९/१० औ | कृषि | लापोडेडे | | १ | 0 | १ |
| १८ | सहायक | पाचौँ | कृषि | भेट | | १ | 0 | १ |
| १९ | सहायक | पाचौँ | कृषि | लापोडेडे | | १ | 0 | १ |
| २० | सहायक | चौथो | कृषि | भेट | | १ | 1 | १ |
| २१ | सहायक | चौथो | कृषि | लापोडेडे | | १ | 1 | १ |
| २२ | अधिकृत | ७/८ औ | कृषि | | | १ | 0 | १ |
| २३ | सहायक | पाचौँ | कृषि | | | २ | 0 | २ |
| २४ | सहायक | चौथो | कृषि | | | १ | 0 | १ |
| **कुल जम्मा** | | | | | | ४८ | **21** | २९ |

### २.३ गाउँपालिकाको भौतिक सम्पत्ति

गाउँपालिकाको कार्यालय वडा नं ३ को कालिकामा रहेको छ । वन कार्यालयको जग्गामा अस्थाई भवन निर्माण गरी कार्यालय संचालन गरीरहेको छ । हालको कार्यालय भवनमा पर्याप्त कार्य कक्ष तथा स्थानको कमी रहेको देखिन्छ भवन निर्माणका लागि उपयुक्त जग्गा प्राप्त भईरहेको छ । गाउँपालिकासँग एउटा एम्बुलेन्स, एउटा ब्याक हो लोडर र १५ वटा मोटरसाइकल रहेका छन् । १० वटा वडा कार्यालयहरु मध्ये ३ वटा वडा कार्यालयहरुको भवन रहेको ।

# परिच्छेद – तीनः
# स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाब्यता

यस परिच्छेदमा संविधान र उपलब्ध कानूनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाब्यतालाई विस्तृतमा विश्लेषण गरिएको छ। यसबाट आन्तरिक आय परिचालनको अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरुलाई राजश्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ।

## ३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था

**नेपालको संविधान, २०७२** ले स्थानीय तहलाई निम्नानुसार राजश्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- मनोरञ्जन कर
- सवारी साधन कर
- घर जग्गा बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर
- दण्ड जरिवाना

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाँउपालिका वा नगरपालिकाको एकल अधिकारः**

**कर**

- सम्पत्ति कर, घर र सो ले चर्चेको (लेन्ट एरिया) जग्गामा (आर्थिक ऐन २०७५ वाट संसोधित व्यवस्था)
- भूमि कर (मालपोत): सम्पत्ति कर लगाउने भनि तोकिएको घरजग्गा वाहेकको अन्य जग्गामा (आर्थिक विधयक २०७५ वाट संसोधित व्यवस्था)
- घर जग्गा बहाल कर
- ब्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा
- सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)
- जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत

**शुल्क**

- बहाल बिटौरी शुल्क : आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत
- पार्किङ् शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत।

**सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा ब्यवसायमा

- आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा*(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

**दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर:
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग*
- नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)
- पंजिकरण ब्यवस्थापन दस्तुर
- वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित बापत
- जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर

**विक्री**

- वस्तु तथा सेवा विक्री
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री (दफा ११ (२) (घ) (६))

**(ग) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नविकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तिय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्वन्धी व्यवस्था** (आर्थिक विधयक २०७५ वाट संसोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशलेसवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँड गरिने*
- *आयोगले निर्धारण गरेको निर्धाण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँड गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

**(ख) राजश्व वाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय बिभाज्य कोषमा जम्मा हुने
  - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने*
  - *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - *प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टि बार्षिक रुपमा प्राप्त हुने*

**(ग) अनुदान**

- बित्तीय समानीकरण अनुदान: खर्चको आवस्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदान: कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदान : पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- बिशेष अनुदान : कुनै खास उदेश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(घ) बैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएरमात्र बैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यकालागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरुले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरुलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरु रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, बस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कुटनीतिक नियोग, कुटनितिज्ञ, बैदेशिक ऋण वा सहायतावाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको विक्र नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने

## ३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था

ऐनमा उल्लेख भएको शिर्षक मध्ये यस गापामा सम्भावना भएका आय शिर्षकहरुको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देहाय अनुसार प्रस्तुत गरिएको छ । जस अनुसार मुख्य रुपमा कर अन्तरगत मालपोत, सम्पत्ती कर, सवारी कर, व्यवसाय कर सम्भावना देखिएको छ ।

आव २०७७/०७८ मा आन्तरिक आय कुल ६२६१८२५। रु अनुमान गरिएकोमा, कुल ३७०३२९४ मात्र संकलन भएको पाईन्छ । जस अनुसार सो आवमा सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर, भूमिकर वा मालपोत, साना सवारी साधन कर, अन्य कर अन्य सेवा शुल्क विक्री, सिफारिस दस्तुर, व्यवसाय कर अनुमान गरिएकोमा, भूमिकर वा मालपोत, अन्य कर, अन्य सेवा शुल्क तथा विक्री र सिफारिस दस्तुर शिर्षकमा मात्र केही आय संकलन भएको पाइन्छ ।

आव २०७८/०७९ मा आन्तरिक आय कुल ३७५६४५१०। रु अनुमान गरिएकोमा, २०७९। ०२। २२ गते सम्ममा कुल २५०८७५। रु मात्र संकलन भएको पाईन्छ । जस अनुसार सो अवधिमा भूमिकर वा मालपोत, सिफारिस दस्तुर, व्यक्तिगत घटना दर्ता दस्तुर र अन्य राजश्व शिर्षकमा मात्र केही आय संकलन भएको पाइन्छ ।

यसरी हेर्दा गापाको आन्तरिक आय तर्फको अनुमान बैज्ञानिक र यथार्थ परक नभएको देखिन्छ । गापामा आन्तरिक आयको सम्भावना तथा वर्तमान संकलन अवस्थाको विष्तृत विवरण देहाय अनुसार रहेको छ :

**तालिका ३.१: गाउपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका शिर्षक | सम्भावना | संकलन | दर निर्धारण |
|---|---|---|---|---|
| क. | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| | सम्पत्ति कर | छ | नभएको | नभएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | नभएको | भएको |
| | घर जग्गा बहाल कर | छ | नभएको | भएको |
| | व्यवसाय कर | छ | नभएको | भएको |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | छैन | NA | NA |
| | विज्ञापन कर | छैन | नभएको | भएको |
| | मनोरञ्जन कर | छैन | नभएको | भएको |
| ख. | **गैर कर तर्फ** | | | |
| | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री | छैन | NA | NA |
| | नक्सापास दस्तुर | छ | भएको | भएको |
| | व्यक्तिगत घटना दर्ता शुल्क | छ | भएको | भएको |
| | वहाल विटौरी शुल्क (कर शब्द प्रयोग गरिएको) | छ | नभएको | भएको |

| क.सं. | आयका शिर्षक | सम्भावना | संकलन | दर निर्धारण |
|---|---|---|---|---|
| | पार्किङ्ग शुल्क | छैन | NA | NA |
| | अस्पताल संचालन | छैन | NA | NA |
| | फोहरमैला व्यवस्थापन शुल्क (सरसफाई) | छैन | नभएको ( सरसफाई सम्बन्धी पुर्वाधार बने पश्चात भनिएको) | भएको |
| | स्थानीय खानेपानी महसुल | छैन | NA | NA |
| | स्थानीय विद्युत महसुल | छैन | NA | NA |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छैन | NA | NA |
| | निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीयपुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति,शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि | छैन | नभएको | भएको (पटके सवारी कर शब्द प्रयोग भएको) |
| | मूल्यांकन सेवा शुल्क | छ | भएको | भएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | छ | नभएको | नभएको |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छैन | NA | NA |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| | दण्ड जरिवाना | छ | भएको | भएको |
| | सामुदायिक वन विक्री | छैन | NA | NA |
| | सरकारी सम्पत्ती वहाल | छैन | नभएको | भएको |

## ३.३ आन्तरिक स्रोत तर्फका राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### *३.३.१ कर राजश्व*

#### क. सम्पत्ति कर

**हालको अवस्था:** ऐनमा घर र घरले चर्चेका जग्गा तथा त्यतीनै थप जग्गाको एकमुस्ट मूल्याँकन गरी सम्पत्ती कर लिने प्रावधान रहेको छ। सम्पत्ती कर को सम्भावना यस गापामा भए पनि दर निर्धारण तथा संकलन गरेको पाइएन। अघिल्लो आवमा रु २०००००। अनुमान गरिए पनि संकलन नभएको। यस आवमा यस शिर्षकमा अनुमान नगरिएको।

**संभाब्यता:** गउँपालिकाले हालको व्यवस्था अनुशार सम्पत्ति करको परिभाषा गरी सो सम्वन्धी कार्यविधि अनुसार दर पुनरावलोकन गरी सम्पत्ती कर संकलन गर्नुपर्ने देखिन्छ। यसरी प्रभावकारी रुपमा सम्पत्ती कर संकलन गरेमा ३८०० कर दाता वाट औषत २५०। रु संकलन गर्दा वार्षिक रु ९५००००। कुल आय सम्भावना देखिन्छ।

**तालिका ३.२: सम्पत्ती करको सम्भाव्यता विवरण**

| करको शिर्षक | न्युनतम रु | अधिकतम रु | औषत रु | संख्या (करदाता) | बार्षिक कुल आय सम्भाव्यता | ५० प्रतिशत |
|---|---|---|---|---|---|---|
| सम्पत्ती कर | २०० | ५०० | २५० | ३८०० | ९५००००. | ४७४०००. |
| **जम्मा** | २०० | | | | ९५००००. | ४७५०००. |

**सुधारका पक्षहरुः** यस गाउँपालिकाको आन्तरिक आयको निकै महत्वपुर्ण स्रोत सम्पत्ति कर संकलन प्रभावकारी गर्नका लागि गाउँपालिकाले निम्न पक्षहरुमा सुधार गर्नुपर्ने देखिन्छ :

- सम्पत्ती कर प्रयोजनका लागि लगत संकलन गर्ने, सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरु व्यवस्थित रुपमा फाईलिङ्ग गरेर राख्ने ।
- सम्पत्तिकर कार्यान्वयनका लागि बैग्ले कार्यविधि तयार गर्ने ।
- मालपोत कार्यालय संग समन्वय गरि मालपोतको मुल्यांकन दर संग गाउँपालिकाको सम्पत्ति मुल्यांकनको दरलाई यथार्थपरक बनाउने ।
- जग्गा मुल्यांकन लाई यथार्थपरक बनाउने, सिफारिस तथा प्रमाणीत को मूल्य र सम्पत्ती करका लागि मुल्याँकनमा समानता गर्ने ।

**ख. मालपोत**

**हालको अवस्थाः** पालिकाले मालपोतको दर निर्धारण गरी संकलन गरीरहेको पाईन्छ । आव २०७७/०७८ मा ९७००००। रु अनुमान गरेकोमा २४३७००। आय प्राप्ति देखिएको छ (अनुमान भन्दा वढी) । चालु आवमा रु ८०७९०९१। अनुमान गरिएकोमा २०७९। ०२। २२ सम्म रु २६०७६। मात्र संकलन भएको पाइएको ।

**संभाब्यताः** गाउँपालिकाले हालको व्यवस्था अनुशार दर निर्धारण गरी मालपोत प्रभावकारी रुपमा सवै मालपोत योग्य जमिनवाट कर संकलन गरेमा कुल ३८०० घर परिवारवाट औषत वार्षिक ३०० रुको दरले सवै मालपोत संकलन भएमा वार्षिक कुल ११४००००। रु संकलन हुने सम्भावना देखिन्छ ।

**तालिका ३.३: मालपोत सम्भाव्यता विवरण**

| करको शिर्षक | न्युनतम रु | अधिकतम रु | औषत रु | संख्या - करदाता) वा कट्ठा/रोपनी /परिवार | बार्षिक कुल आय सम्भाव्यता | ८० प्रतिशत |
|---|---|---|---|---|---|---|
| मालपोत (भूमिकर) | २०० | ५०० | ३०० | ५२००/३८०० | ११४००००. | ९१२०००. |
| **जम्मा** | | | | | ११४००००. | ९१२०००. |

**सुधारका पक्षहरुः** यस गाउँपालिकाको आन्तरिक आयको प्रमुख श्रोत मध्ये एक मालपोत रहेको पाईन्छ । यसलाई प्रभावकारी रुपमा लागु गर्न देहाय अनुसारका कार्य गर्नुपर्ने आवश्यक देखिन्छ :

- गापाका सवै वडाका मालपोत योग्य जमिनको लगत संकलन गरेर व्यवस्थित अभिलेख राख्ने ।
- प्रत्येक वर्ष समयमै मालपोत तिर्नका लागि सचेतना तथा प्रोत्साहन कार्यक्रम संचालन गर्ने ।
- मालपोत रकम तिर्नका लागि बाध्यकारी नीति निर्माण तथा कार्यान्वयन गर्ने ।

### ग. घरजग्गा वहाल कर

**हालको अवस्था:** गाउँपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै घर जग्गा बहालमा लगाउने घर तथा जमिन धनी संग बहाल कर संकलन गर्ने उल्लेख गरेको छ , तर सो अनुसार संकलन हुन बाँकी रहेको छ । चालु आवमा यस शिर्षकमा रु २०००००। अनुमान गरिएकोमा २०७९ । ०२। २२ सम्म शुन्य संकलन भएको देखिन्छ ।

**संभावना:** संकलित तथ्यांक अनुसार गाउँपालिका क्षेत्रमा करिव ३० घरपरिवार/जनाले घरजग्गा बहालमा लगाएको अनुमान छ । वहालको १० प्रतिशतले संकलन गर्दा, जस अनुसार औषत १२०० वार्षिक ले कुल रु ३६०००संकलन हुने सम्भावना देखिन्छ ।

**तालिका ३.४: घरजग्गा बहाल करको सम्भाव्यता विवरण**

| करको शिर्षक | न्युनतम रु | अधिकतम रु | औषत रु | संख्या - करदाता) | बार्षिक कुल आय सम्भाव्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| घर बहाल कर | १००० | १५०० | १२०० | ३० | ३६०००. | पहिलो वर्ष ७० प्रतिशत |
| **जम्मा** | | | | | ३६०००. | |

**सुधारका पक्षहरु:**

- वहालमा भएका घरजग्गाको लगत संकलन गरी अद्यावधिक गर्ने र अभिलेख व्यवस्थित गर्ने ।
- घरजग्गा वहाल रकम मुल्यांकन गर्न संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटका दरले वहाल मूल्य निर्धारण गर्ने र सो वमोजिम वहाल रकम निर्धारण गरी कर संकलन गर्ने ।
- घरजग्गा वहाल कर संकलन कार्यविधि तर्जुमा गर्ने ।

### घ. व्यवसाय कर

**हालको अवस्था:** गाउँपालिकाले अघिल्लो आवमा व्यवसाय कर ५०००००। अनुमान गरेकोमा शुनय संकलन भएको देखिन्छ । चालु आवमा व्यवसाय रजिष्ट्रशन दस्तुर शिर्षकमा रु ८०००००। अनुमान गरेकोमा २०७९ । ०२। २२ सम्म शुन्य आय भएको पाइन्छ ।

**संभावना:** यस गाउँपालिकाको वजार क्षेत्रहरुमा करिब ८० वटा पसल, व्यवसायीक फर्म तथा प्रतिष्ठानहरु रहेको अनुमान छ जसवाट बार्षिक रु ४००००। संकलनको सम्भाव्यता देखिन्छ ।

**तालिका ३.५: व्यवसाय करको सम्भाव्यता विवरण**

| करको शिर्षक | न्युनतम रु | अधिकतम रु | औषत रु | संख्या ( करदाता) | वार्षिक कुल आय सम्भाव्यता | ८५ प्रतिशत |
|---|---|---|---|---|---|---|
| ब्यवसाय कर | २०० | १०००० | ५०० | ८० | ४००००. | ३४०००. |
| **जम्मा** | | | | | ४००००. | ३४०००. |

**सुधारका पक्षहरु:** गाउँपालिकाले प्रभावकारी रुपमा व्यवसाय कर संकलन गर्नका लागि देहाय अनुसारका कार्य गर्नु आवश्यक देखिन्छ :

- करयोग्य व्यवसायको लगत संकलन गरी तथ्याँक अभिलेख व्यवस्थित गर्ने र व्यवसाय दर्ता प्रकृयामा ल्याई ईजाजत पत्र प्रदान गर्ने ।
- व्यवसायको प्रकृति अनुसार वर्गीकरण गरी सो अनुसार दर निर्धारण गर्ने ।
- गाउँपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि गाउँ कार्यपालिकावाट व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।

### ङ. जडिवुटी, कवाडी, जिवजन्तु कर

**हालको अवस्था:** स्थानीय तहले कानुनले बर्जित गरेका वाहेकका जडिवुटी तथा जनावर तथा चराचुरुङ्गिका हाड सिंग, खुर तथा प्वाँख आदिको कारोवारमा कर संकलन गर्न सक्ने प्रावधान रहेको छ । हाल यस तर्फ प्रभावकारी कदम चालिएको पाईदैन ।

**संभावना:**

यस गाउँपालिका क्षेत्रवाट यस शिर्षकमा आय सम्भावना न्युन देखिन्छ । साथै यस सम्बन्धित तथ्याँकको अभाव रहेको छ ।

### च. सवारी कर

**हालको अवस्था:** वर्तमान ऐनमा गाउँपालिकालाई टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा नवीकरण तथा सवारी कर गर्ने अधिकार प्रदान गरेको छ । आव २०७७/०७८ मा रु २५०००००। अनुमान गरेकोमा शुन्य आय देखिन्छ भने चालु आवमा यस शिर्षकमा आय अनुमान गरेको छैन ।

**संभावना:**

- यस शिर्षकमा आय सम्भावना न्युन देखिएको छ ।

### छ. विज्ञापन कर

**हालको अवस्था:** गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल अदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुशार यो प्रदेश सरकार संग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन गाउँपालिकाले गरि संकलित रकम मध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ ।

**संभावना:** यस गापा क्षेत्रमा विज्ञापन करको सम्भावना न्युन देखिएको छ ।

### ज. मनोरञ्जन कर

**हालको अवस्था:** गाउँपालिकाले आफ्नो क्षेत्रका मनोरञ्जन कर लगाउन सक्नेछ । संघीय कानुन अनुशार यो प्रदेश सरकार संग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन गाउँपालिकाले गरि संकलित रकम मध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ ।

**संभावना:** यस गापा क्षेत्रमा विज्ञापन करको सम्भावना न्युन देखिएको छ । साथै यस सम्बन्धी तथ्याँक समेत अभाव रहेको छ ।

## *३.३.२ गैर कर राजश्व*

### क) अन्य बिक्री बाट प्राप्त रकम (प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री–ढुङ्गा, गिट्टी , वालुवा र सामुदायिक वनको आय )

**हालको अवस्था:** यस शिर्षकमा आय सम्भावना न्युन रहेको।

**ख) बहाल बिटौरी शुल्क**

**हालको अवस्था:** गाउँपालिकाले आफुले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत वहाल विटौरी शुल्क संकलन गर्न पाउने कानुनी व्यवस्था छ । हाल सम्म गापाले हाट बजार कर शिर्षकमा बहाल विटौरी शुल्क संकलन नगरेको पाईन्छ यद्यपी सार्वजनिक जग्गामा वनेका अन्य संरचनामा बहाल विटौरी शुल्क संकलन नगरेको पाईन्छ :

**संभावना:** यस शिर्षकमा आय सम्भावना न्युन रहेको ।

**ग) नक्सा पास दस्तुर (पुरानो अभिलेखीकरण सहित):**

**हालको अवस्था:** गाउँपालिकाले नक्सापास दस्तुरको दर निर्धारण आर्थिक ऐनमा निर्धारण गरेको छ । गापामा घरको वनोट अनुसार सिफारिस गर्ने व्यवस्था गरेको छ । चालु आवमा यस शिर्षकमा रु २००००००। अनुमान गरेको छ । तर हाल सम्म आय संकलन शुन्य रहेको छ ।

**सम्भावना:** गापामा प्रति वर्ग फिट २ देखि ७ रु सम्म निर्धारण गर्दा वार्षिक २५ घरको नक्सा पास औषत रु ३०००। रुका दरले संकलन हुने आधारमा कुल रु ७५०००। आय संकलन हुने देखिन्छ । यसै पुराना नक्सापास नभएका घरहरुलाई नपाको दायरामा ल्याउन गापामा लगत संकलन र अभिलेख वापत न्युनतम रु ७५० प्रतिघर औषतले ३८०० घरको २८५००००। रु कुल आय हुने देखिन्छ । तर यो रकम क्रमश संकलन हुने र तेश्रो वर्ष अन्त्य हुने अनुमान गरीएको छ । यसरी बर्षिक १०२५०००। रु कुल आय संकलन हुने सम्भावना देखिन्छ ।

**तालिका ३.६: नक्सा पास दस्तूर (पूरानो अभिलेखीकरण सहित)**

| करको शिर्षक | न्युनतम रु | अधिकतम रु | औषत रु | संख्या ( दाता) | वार्षिक कुल आय सम्भाव्यता | कैफियत (बार्षिक आय) |
|---|---|---|---|---|---|---|
| नक्सा पास | २००० | ३५०० | ३००० | २५ | ७५०००. | ७५००० |
| पुराना घर अभिलेखिकरण | ५०० | १००० | ७५० | ३८०० | २८५०००० | यो तीन वर्षको कुल आय हो । बार्षिक ९५००००। |
| **जम्मा** | | | | | २९२५००० | १०२५००० |

**सुधारका पक्षहरु:** नक्सापास प्रकृयालाई प्रभावकारी वनाउनुपर्ने र सोका लागि पहल गर्न जरुरी देखिन्छ ।

- गाउँपालिका गठन पूर्व वनेका घरहरुको अभिलेखिकरणको लागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने र घर लगत अभिलेखिकरण गर्ने ।
- नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरु अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने ।

**घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)**

**हालको अवस्था:** स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्ने व्यवस्था ऐनले उल्लेख गरेको छ ।

**सम्भावना :** यस शिर्षकमा आय सम्भावना न्युन रहेको देखिन्छ । तथापी गाउँपालिकाले यस विषयमा ध्यान दिएमा केही आय गर्न सकिने देखिन्छ ।

**ङ) सिफारिश तथा प्रमाणित दस्तुर :**

**हालको अवस्था:** गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गरिआएको छ । जस अनुसार आव २०७७/०७८ मा सिफारिस दस्तुर रु १०००००0। अनुमान गरिएकोमा रु १४२०७३। मात्र संकलन भएको पाइन्छ । यसै गरी चालु आवमा सिफारिस दस्तुर शिर्षकमा रु २००००००। अनुमान गरेकोमा रु ३९१४५। र नाता प्रमाणित दस्तुर रु १००००००। अनुमान गरेकोमा हाल सम्म शुन्य आय देखिन्छ ।

**सम्भावना:** गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुवाट वार्षिक करिव १००० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ । प्रति सिफारिस औषत रु ५०० ले कुल वार्षिक ५००००० रु संकलन हुने सम्भावना देखिन्छ ।

**तालिका ३.७: सिफारिस तथा प्रमाणित दस्तूर**

| करको शिर्षक | न्युनतम रु | अधिकतम रु | औषत रु | संख्या (दाता) | वार्षिक कुल आय सम्भाव्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| सिफारिस प्रमाणति | ५० | १००० | ५०० | १००० | ५०००००. | |
| **जम्मा** | | | | | ५०००००. | |

**सुधारका पक्षहरु:**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरुको वर्गिकरण गरि दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पुर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने नीति तर्जुमा तथा लागु गर्ने।
- वडावाट संकलित दस्तुरहरु शिर्षक सहितको विवरण तयार गर्ने ।

**च) अन्य सेवा शुल्क**

***च.१ पर्यटन शुल्क***

गापा क्षेत्र भित्र तत्काल पर्यटन सम्वन्धी आयको सम्भावना नपाईएको ।

***च.२ फोहरमैला व्यवस्थापन शुल्क:***

**हालको अवस्था:** गापाले फोहोर मैला संकलन तथा व्यवस्थापन सेवा प्रदान वापत शुल्क लिन सक्ने व्यवस्था ऐनमा गरिएको छ ।

**सम्भावना:** यस शिर्षकमा गापामा आय सम्भावना न्युन रहेको ।

### *च.३ स्थानीय पुर्वाधार उपयोग सेवा शुल्क (सडक तथा फेरी शुल्क):*

**हालको अवस्था:** स्थानीय तहले आफुले निर्माण गरेका पुर्वाधार सेवा वापत शुल्क प्राप्त गर्न सक्ने प्रावधान ऐनमा व्यवस्था गरीएको छ । सो अनुसार गापामा हाल सम्म अभ्यास हुन वाँकी देखिन्छ ।

**सम्भावना:** यस शिर्षकमा गापामा आय सम्भावना न्युन रहेको ।

### छ) सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय :

गापामा यस शिर्षक अन्तरगत तत्काल आय सम्भावना नरहेको ।

### ज) घरजग्गा रजिष्ट्रशन शुल्क :

संविधान तथा ऐन अनुसार गापाले घरजग्गा रजिष्ट्रेशन शुल्क वापद् आय सम्भावना देखिन्छ। गापाको अधिकार क्षेत्रभित्र पर्ने र सो रकम संकलन पश्चात ४० प्रतिशत प्रदेशलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । हाल सो जिम्मेवारी गापामा हस्तान्तरण हुन वाँकी रहेकोले , सो वापद्को ६० प्रतिशत रकम गापालाई हस्तान्तरण हुनु पर्ने देखिन्छ ।

सम्भावना: छ

# परिच्छेद – चार:
# आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा गापाले राजश्व संकलन, व्यवस्थापन तथा परिचालनमा गरेका प्रयासहरु सहितका नीतिहरु, आय संकलनको अवस्था र सस्थागत व्यवस्थालाई लाई प्रस्तुत गरिएको छ।

## ४.१ राजश्व परिचालन सम्बन्धी नीति

गाउँपालिकाले प्रभावकारी राजश्व परिचालन सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमाका लागि स्थानीय राजश्व परामर्श समिति गठन गर्नुपर्नेमा गापाको नयाँ निर्वाचन (२०७९ बैशाख ३०) पश्चात गठन भएको पाइएन । पुरानो स्थानीय राजश्व परामर्श समिति देहाय अनुसार रहेको छ :

**तालिका २: स्थानीय राजश्व परामर्श समिति**

| क.सं. | नाम | पद | समिति (जिम्वेवारी) |
|---|---|---|---|
| १ | निर्मला देवी रैका | उपाध्यक्ष | संयोजक |
| २ | तुलसी राम भगत | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | विष्णु पुलामी | गाउँ कार्यपालिका सदस्य | सदस्य |
| ४ | ……… | उद्योग बाणिज्य संघ प्रतिनिधि | सदस्य |
| ५ | ……. | घरेलु तथा साना उद्योग समिति प्रतिनिधि | सदस्य |
| ६ | मिलन लुइटेल | राजश्व (लेखा शाखा) | सदस्य सचिव |

***गापाको आ.व.२०७८।०७९ को नीति तथा कार्यक्रममा देहाय अनुसारका राजश्व परिचालन तथा व्यवस्थापन सम्बन्धी नीतिहरु समावेश गरिएको पाइन्छ:***

- करको दायरालाई पुनरावलोकन गरि विस्तार गर्ने र करको दरलाई परिमार्जन गरि लागु गरिने छ।
- आन्तरीक राजश्व दाखिला प्रणाली लाई व्यवस्थीत गर्न मासिक रुपमा राजश्व बैक दाखिला गर्ने कार्यलाई कडाई का साथ लागु गर्ने व्यवस्था मिलाईने छ।

## ४.२ आय परिचालनको विगत तथा वर्तमान अवस्था

गाउँपालिकाको विगत ३ बर्षको आय परिचालनको अवस्था तलको तालिकामा प्रस्तुत गर्ने कोसिस गरिएको छ। यद्यपी गापामा आवश्यक तथ्याँकको अभाव देखिन्छ। उपलब्ध भएको आव २०७६/७७ तथा २०७७/७८ को यथार्थ र २०७८/७९ को अनुमान एवं जेष्ठ महिना सम्मको आन्तरिक आय यस शिर्षकमा प्रस्तुत छ। आव २०७६/७७ को तथ्याँक अभाव देखिएको छ। आव २०७७/७८ र चालु आवको जेष्ठ २२ गते सम्मको आय अवस्था हेर्दा कुल आयमा ३१.१० प्रतिशतले कमि देखिन्छ। यसै गरी कुल आन्तरिक आयमा ३२.२९ प्रतिशतले कमि देखिएको छ। यद्यपी आषाढ मसान्त सम्मको आँकडा आउनवाँकी हुदा यो वढन सक्ने अनुमान गरिन्छ। तर हाल यथार्थ रकम र प्रतिशत उल्लेख गर्न असमर्थ देखिन्छ।

## तालिका ३: गाउपालिकाको आय बृद्धिदर

रु ०००मा

| क.सं. | आय शिर्षक | यथार्थ आय | | | | फरक | औषत वार्षिक बृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ (जेष्ठ सम्म) | ०७८/७९ (अनुमानित) | | |
| **क.** | **आन्तरिक आय** | ० | ३७०३ | २५०७ | **१५४८९** | **-११९६** | -३२.२९८१ |
| **१** | **जम्मा स्थानीय कर** | ० | ३५५१ | २४५९ | ११४८९ | **-१०९२** | -३०.७५१९ |
| १.१ | मालपोत तथा भूमिकर | ० | २४३७ | २६ | ८०८९ | **-२४११** | -९८.९३३१ |
| १.२ | घरजग्गा कर | ० | ० | ० | ० | **०** | ० |
| १.३ | वहाल कर | ० | ० | ० | २०० | **०** | ० |
| १.४ | विटौरी शुल्क (हाट बजार कर सहित) | ० | ० | ० | ० | **०** | ० |
| १.५ | व्यवसाय कर | ० | ० | ० | ८०० | **०** | ० |
| १.६ | सवारी दर्ता तथा वार्षिक सवारी कर | ० | ० | ० | ० | **०** | ० |
| १.७ | सम्पती कर | ० | ० | ० | ० | **०** | ० |
| १.८ | मनोरन्जन कर | ० | ० | ० | ० | **०** | ० |
| १.९ | पटके सवारी कर | ० | ० | ० | ० | **०** | ० |
| १.१ | विज्ञापन कर | ० | ० | ० | ० | **०** | ० |
| १.११ | अन्य कर (राजश्व) | ० | १११४ | २४३३ | २४०० | **१३१९** | ११८.४०२२ |
| **२** | **जम्मा सेवा शुल्क** | ० | ० | ० | ० | **०** | ० |
| २.१ | सबारी पार्किङ्ग शुल्क | ० | ० | ० | ० | **०** | ० |
| २.२ | सार्बजनिक सुबिधा उपयोग सेवा शुल्क | ० | ० | ० | ० | **०** | ० |
| २.३ | अचल सम्पती मूल्याङ्कन सेवा शुल्क | ० | ० | ० | ० | **०** | ० |
| **३** | **जम्मा दस्तुर** | ० | १४२ | ४८ | ४००० | **-९४** | -६६.१९७२ |
| ३.१ | दर्ता तथा नविकरण दस्तुर | ० | ० | ० | ० | **०** | ० |
| ३.२ | नक्सापास दस्तुर | ० | ० | ० | २००० | **०** | ० |
| ३.३ | सिफारिस तथा बक्सौनी दस्तुर | ० | १४२ | ३९ | २००० | **-१०३** | -७२.५३५२ |
| ३.४ | नाता प्रमाणित दस्तुर | ० | ० | ० | १००० | **०** | ० |
| ३.५ | अन्य दस्तुर | ० | ० | ० | ० | **०** | ० |
| ३.६ | पंजिकरण | ० | ० | ९ | १००० | **९** | ० |
| | बोलपत्र दरभाउ | ० | ० | ० | ० | **०** | ० |
| **४** | **जम्मा अन्य आय** | ० | १० | ० | ० | **-१०** | -१०० |
| ४.१ | दण्ड जरिवाना | ० | ० | ० | ० | **०** | ० |
| ४.२ | भाडा तथा वहाल वाट आय | ० | ० | ० | ० | **०** | ० |

| क.सं. | आय शिर्षक | यथार्थ आय | | | | फरक | औषत वार्षिक बृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ (जेष्ठ सम्म) | ०७८/७९ (अनुमानित) | | |
| ४.३ | दहत्तर बहत्तर बिक्री तथा गिटी ढुङ्गा | ० | ० | ० | ० | ० | ० |
| ४.४ | वन पैदावार बाट प्राप्त रकम | ० | ० | ० | ० | ० | ० |
| ४.५ | अन्य विक्री (टेण्डर फारम समेट) | ० | ० | ० | ० | ० | ० |
| ४.६ | अन्य विविध आय (अन्य सेवा शुल्क तथा विक्री) | ० | १० | ० | ० | -१० | -१०० |
| **५** | **श्रोत नखुलेको आन्तरिक आय** | ० | ० | ० | ० | ० | ० |
| **६** | **दाखिला हुन बाँकी आन्तरिक आय** | ० | ० | ० | ० | ० | ० |
| **ख.** | **राजश्व बाँडफाँड** | ४३७४६ | ६९६९८ | ४२९८० | ७१६६० | -२६७१८ | -३८.३३४ |
| ५.१ | प्रदेश सरकार वाट | १८९३ | २५०० | १४०४ | २८६० | -१०९६ | -४३.८४ |
| ५.२ | जिसस बाट प्राप्त | ० | ० | १६८० | २४०० | १६८० | ० |
| ५.३ | संघीय सरकारबाट प्राप्त राजश्व बाँडफाँड | ४१८५३ | ६७१९८ | ३९८९६ | ६८८०० | -२७३०२ | -४०.६२९२ |
| **ग.** | **बाह्य श्रोत** | ३०५७७० | ३२१९६९ | २२२९३६ | ३९३२१३ | -९९०३३ | -३०.७५८६ |
| ६.१ | नेपाल सरकार वित्तिय समानिकरण अनुदान | ८०८०० | ८३१०० | ६४५७५ | ८६१०० | -१८५२५ | -२२.२९२४ |
| ६.२ | नेपाल सरकार ससर्त अनुदान | १५९४९४ | १६५४७० | १४४७११ | १६७२०० | -२०७५९ | -१२.५४५५ |
| ६.३ | प्रदेश सरकार वित्तिय समानिकरण अनुदान | ७००५ | ७०१९ | ३००० | ४७९३ | -४०१९ | -५७.२५८९ |
| ६.४ | प्रदेश सरकार बाट प्राप्त विशेष तथा समपुरक अनुदान | २२२५७ | १३८९२ | ५००० | १०००० | -८८९२ | -६४.००८१ |
| ६.५ | नेपाल सरकार बाट विषेश तथा समपुरक अनुदान | ० | ० | ५६५० | ११३०० | ५६५० | ० |
| ६.६ | प्रदेश सरकार बाट प्राप्त सशर्त अनुदान | ९४०१ | ४२६० | ८१५० | ८५२० | ३८९० | ९१.३१४५५ |
| ६.७ | अन्य निकायबाट प्राप्त अनुदान (संघ मार्फत) | २६८१३ | ४८२२८ | ५४१८८ | १०५३०० | ५९६० | १२.३५७९७ |
| ६.८ | सामाजिक सुरक्षा भत्ता | ० | ० | ० | ० | ० | ० |
| ६.९ | स्थानीय विकास शुल्क | ० | ० | ० | ० | ० | ० |

| क्र.सं. | आय शिर्षक | यथार्थ आय | | | | फरक | औषत वार्षिक बृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ (जेष्ठ सम्म) | ०७८/७९ (अनुमानित) | | |
| ६.१ | प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम | ० | ० | ० | ० | ० | ० |
| | **कुल जम्मा आय** | ३४९५१६ | ३९५३७० | २६८४२३ | ४८०३६२ | -१२६९४७ | -३२.१०८४ |

स्रोत: गापा २०७९

गाउँपालिकाको आन्तरिक आयको संरचना हेर्दा प्रमुख तीन श्रोतहरुमा क्रमश स्थानीय कर, दस्तुर र अन्य आय शिर्षकमा देखिनछ। यद्यमी यी मध्ये पनि स्थानीय करको प्रतिशत उच्च (९८.०८) देखिन्छ, जसले मालपोत तथा सिफारिस प्रमाणित वाहेक अन्य शिर्षकमा आय संकलन अवस्था विचारणीय देखिएको र अन्य आय संकलनमा ध्यान नगएको देखिनछ। यस सम्बन्धी विष्तृत विवरण देहाय अनुसार तालिकामा प्रस्तुत छः

### तालिका ४: गाउपालिकाको आन्तरिक आयमा योगदान

*रु ००० मा*

| क्र.सं. | आय शिर्षक | यथार्थ आय | | | | |
|---|---|---|---|---|---|---|
| | | ०७६/७७ | ०७७/७८ | प्रतिशत (०७७/०७८) | ०७८/७९ (जेष्ठ सम्म) | प्रतिशत (०७८ /०७९) |
| १ | **जम्मा स्थानीय कर** | ० | ३५५१ | ९५.८९ | २४५९ | ९८.०८ |
| २ | **जम्मा सेवा शुल्क** | ० | ० | ० | ० | ० |
| ३ | **जम्मा दस्तुर** | ० | १४२ | ३.८३ | ४८ | १.९१ |
| ४ | **जम्मा अन्य आय** | ० | १० | ०.२७ | ० | ० |
| ५ | **श्रोत नखुलेको आन्तरिक आय** | ० | ० | ० | ० | ० |
| ६ | **दाखिला हुन वाँकी आन्तरिक आय** | ० | ० | ० | ० | ० |
| | **आन्तरिक आय कुल** | ० | ३७०३ | १०० | २५०७ | १०० |

स्रोत: गापा २०७९

गाउँपालिकाको आय संरचना हेर्दा आन्तरिक आय हिस्सा न्यून छ (९४ प्रतिशत) जसले गाउँपालिका वाह्य स्रोतमा निर्भर रहेको देखिन्छ (८१.४३ प्रतिशत)। यस सम्बन्धी विष्तृत विवरण तलको तालिकामा प्रस्तुत छ।

### तालिका ५: गाउपालिकाको कूल आयमा योगदान

*रु ००० मा*

| क्र.सं. | आय शिर्षक | यथार्थ आय | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०७६/७७ | प्रतिशत | ०७७/७८ | प्रतिशत | ०७८/७९ (जेष्ठ सम्म) | प्रतिशत |
| क. | आन्तरिक आय | ० | ० | ३७०३ | ०.९४ | २५०७ | ०.९३ |
| ख. | राजश्व वाँडफाँड | ४३७४६ | १२.५२ | ६९६९८ | १७.६३ | ४२९८० | १६.०१ |
| ग. | बाह्य श्रोत | ३०५७७० | ८७.४८ | ३२१९६९ | ८१.४३ | २२२९३६ | ८३.०५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा आय | ३४९५१६ | १०० | ३९५३७० | १०० | २६८४२३ | १०० |

स्रोत: गापा २०७९

### ४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

नेपाल सरकारवाट प्राप्त संगठन संरचनामा गाउँपालिकाले राजश्व इकाईको प्रावधान पाइन्छ । यद्यपी गापामा राजश्व शाखा वा इकाई प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन कमि देखिएको छ। आर्थिक प्रशासन शाखाको कर्मचारीलाई नै राजश्व समेतको जिम्मेवारी प्रदान गरिएको छ। राजश्व शाखा वा इकाई स्थापना गरी यसलाई औपचारिकता दिईसुविधा तथा थप कर्मचारी सहित कार्यविवरण तोक्नु पर्ने आवश्यक देखिन्छ ।

### ४.५. राजश्व परिचालनमा रहेका सवालहरू

गाउँपालिकाको स्थानीय आन्तरिक आय परिचालन तथा व्यवस्थापनमा प्रभावकारी कदम चाल्नु पर्ने देखिन्छ। आन्तरिक आय परिचालनमा देखिएका सवालहरुलाई संवोधन गर्न निम्न कार्य गर्न आवश्यक देखिन्छ।

**क. राजश्व प्रशासनकालागि उपयुक्त संगठन निर्माण**

गापाको संगठन चार्ट निर्माण गरी, राजश्व शाखा वा इकाइ अभाव रहेको र कर्मचारी स्पष्ट रुपमा नतोकेको अवस्था रहेको छ। राजश्व सफ्टवेयर प्रयोगमा नरही कागजी रसिद पद्दती कायम रहेको पाइन्छ।

राजश्व परिचालन क्षमता सुधार तथा राजश्वको श्रोत र आधारहरु बृद्धी गर्न गाउँपालिकाको राजश्व प्रशासनको बर्तमान संगठनको विस्तार गर्नु पहिलो कार्यको रुपमा देखिन्छ । गाउँपालिकाको नयाँ क्षेत्र तथा परिवर्तित राजश्व अधिकारको आधारमा गाउँपालिकाले भौतिक सुविधा, उपयुक्त मानव संशाधन व्यवस्था, क्षमता विकास तालिम, कार्यविधि, सूचना तथा अभिलेख प्रणालीको आवश्यकता देखिन्छ।

**ख. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि**

गाउँपालिकाले आय परिचालन सम्वन्धी नीति तथा मुख्य आय शिर्षकहरुवाट आय संकलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरुलाई समेत उपलब्ध गराउनु पर्दछ। यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, संकलित रकम दाखिला सम्वन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् ।

**ग. राजश्वका दर निर्धारण तथा प्रचार प्रसार**

गाउँपालिकाले हालको कानूनी व्यवस्था अनुसार राजश्व संकलनकोलागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार तथा करदातालाई जानकारीको कमि देखिन्छ। त्यसैगरी करदातालाई तिर्नुपर्ने कर रकम सम्वन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ। उत्कृष्ट करदातालाई प्रोत्साहन र नतिरेमा दण्ड जरिवाना लाग्ने नीति र सो विषयमा जानकारीको अभाव रहेको छ।

**घ. तथ्याङ्कमा आधारित अभिलेख**

आन्तरिक आय तथा राजश्व सम्वन्धी सूचना तथा तथ्याँकहरुको व्यवस्थित अभिलेखको कमि देखिएको छ। आन्तरिक आयको अधिकतम परिचालनकालागि यसका आधारहरुको अभिलेख अद्यावधिक हुनु जरुरी छ । गाउँपालिकालाई प्राप्त राजश्वका अधिकारसँग सम्बन्धित ब्यक्तीगत सम्पत्तिहरु, व्यापार व्यवसायहरु, सेवा तथा सुविधाहरु आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ।

**ङ. समन्वय संयन्त्र**

राजश्वका आधार निर्धारण तथा दरहरुमा परिमार्जनका लागि स्थानीय राजश्व परामर्श समितिको भूमिकालाई प्रभावकारी तथा स्पष्ट गर्नुपर्दछ। आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट ब्याख्या गरी वडा र राजश्व शाखा वा इकाई वीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजश्व वाँडफाँड सम्वन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरुसंग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ।

### च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आन्तरिक आय तथा व्यय सम्वन्धी अभिलेख र सो वारे उपयुक्त माध्ययमवाट जानकारी को कमि देखिन्छ। यसलाई सुधार गर्दै लग्नुपर्ने देखिन्छ। गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संबाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत राजश्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु केही उपायहरु हुन सक्दछन्।

यसका साथै वडावाट संकलित आयलाई समयमानै स्थानीय संचित कोषमा दाखीला गर्नुपर्ने नियम वनाई सो अनुसार प्रभावकारी कार्यान्वयन गर्नुपर्ने दखिन्छ।

# परिच्छेद – पाँचः
# राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा, स्थलगत अध्ययन, सहभागिमूलक छलफल, दस्तावेज अध्ययन पश्चात विश्लेषण गरी तयार पारिएको गाउँपालिकाको राजश्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ। यस कार्ययोजनालाई गाउँ कार्यकार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिईएको छ।

## ५.१ गाउँपालिकाको राजश्व सुधार कार्ययोजना

गापाको आन्तरिक आय वृद्धि तथा राजश्व अवस्थालाई प्रभावकारी सुधारकालागि देहाय अनुसारका कार्ययोजना प्रस्ताव गरीएको छ। कार्यशाला, लक्षित समूह छलफल र परामर्शदाताद्धारा संकलित अन्य सूचना तथा विश्लेषण वाट आएका नतिजाहरुलाई समेत समावेश गरी गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तयार गरीएको छ। कार्ययोजनाका कृयाकलापहरुलाई मुख्य रुपमा तिन क्षेत्रमा विभाजन गरिएको छ :

क. राजश्व प्रशासनमा सुधार

ख. कर राजश्व सुधार योजना

ग. गैर कर राजश्व सुधार योजना

**तालिका ५.१: राजस्व सूधार कार्ययोजना**

**क. राजश्व प्रशासन सुधार योजना**

| क.स. | सुधारको लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| | स्थानीय राजश्व परामर्श समितिको मासिक बैठक गरी भुमिकालाई प्रभावकारी बनाउने | २०७९ आषाढ | स्थानीय राजश्व परामर्श समिति |
| | आर्थिक ऐन परिमार्जन गरि लागु गर्ने<br>- विशेषगरी दर र दायरा समयानुकुल बनाउने<br>- सवै करहरुमा छुट तथा जरीवनाको ब्यवस्था गर्ने<br>- राजश्व संकलन प्रकृया प्रष्ट गर्ने | २०७९ आषाढ | राजश्व परामर्श समिति, गाउँ सभा |
| | राजश्व सम्वन्धी स्पष्ट कार्यविधि निर्माण गरी लागु गर्ने | २०७९ असार मसान्त सम्म | गाउँ कार्यपालिका |
| २ | **संकलन प्रकृयामा सुधार** | | |
| | वडाहरुमा करदाता शिक्षा कार्यक्रम संचालन गर्ने (कर, शुल्क, दस्तुर आदि वारे) | चौमासिक रुपमा | राजस्व शाखा वा इकाई र वडा कार्यालय |
| | सवै कर तथा शुल्क सम्बन्धी तथ्याँक संकलन तथा व्यवस्थित अभिलेखन गरी कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने। | २०७९ कार्तिक सम्म | राजश्व शाखा वा इकाई तथा वडा कार्यालय |

| क.स. | सुधारको लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | करदाता प्रोत्साहनको नीति तथा मापदण्ड तयार गरी लागु गर्ने (प्रत्येक वर्ष उत्कृष्ठ करदाता पुरस्कृत सहित) | वार्षिक रुपमा | गाउँसभा |
| | वडामा संकलित आयलाई तीन दिन वा बढीमा सात दिन भित्र बैंक दाखिला गर्नुपर्ने पद्दती वसाल्ने | आगामी आ.व. २०७९/८० देखी | वडा तथा राजश्व शाखा |
| **३** | **संस्थागत व्यवस्था तथा अन्य** | | |
| | राजश्व शाखा वा इकाई स्थापना, राजश्व शाखामा स्पष्ट दरबन्दी किटान गरि कर्मचारी नियुक्त गर्ने र शाखाको तथा पदीय कार्यविवरण तोक्ने | २०७९ कार्तिक मसान्त भित्र | प्रमुख प्रशासकिय अधिकृत तथा गाउँ कार्यपालिका |
| | वडा कार्यालयहरुमा समेत राजश्व प्रशासनकालागि कर्मचारीलाई जिम्मेवारी किटान गरि नियमित अनुगमन गर्ने । | | |
| | जनप्रतिनिधी तथा कर्मचारीहरुकालागि राजश्व सम्बन्धी तालिम तथा अभिमुखीकरण कायर्कम संचालन गर्ने | बर्षमा १ पटक | प्रमुख प्रशासकिय अधिकृत तथा राजश्व शाखा |
| | राजश्व संकलन अवस्थाको आवधिक अनुगमन तथा मुल्यांकन गर्ने तथा आम्दानी खर्चको विवरण सार्वजनिकरण गर्ने । | चौमासिक रुपमा | स्थानीय राजश्व परामर्श समिति तथा प्रमुख प्रशासकिय अधिकृत |
| | गाउँपालिकाको स्वामित्व तथा हक भोगमा रहेका जग्गा तथा भवनहरुको विवरण संकलन गरी प्रमाण सहित व्यवस्थित रुपमा अभिलेख राख्ने तथा सिमाना छुट्याउने । | २०७९ असार चैत्र | प्राविधिक शाखा |

## ख. कर राजश्व सुधार योजना

| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **सम्पत्ती कर** | | |
| | सम्पत्ति कर संकलन तथा व्यवस्थापन कार्यविधि निर्माण तथा कायान्यन गर्ने | २०७९ पौष मसान्त भित्र | स्थानीय राजश्व परामर्श समिति र गाउँ कार्यपालिका |
| | सम्पत्ति सम्बन्धी तथ्यांक संकलन तथा कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने । | २०८० आषाढ मसान्त भित्र र निरन्तर | राजश्व शाखा वा इकाई |
| **२.** | **मालपोत तथा भूमिकर** | | |
| | मालपोतको दर परिमार्जन गरी प्रगतिशिल करको दर निर्धारण गर्ने । | २०७९ पौष मसान्त भित्र | स्थानीय राजश्व परामर्श समिति र राजश्व शाखा वा इकाई |

| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | वडागत रुपमा मालपोतको लगत संकलन गरी अभिलेख व्यवस्थित गर्ने | २०८० आषाढ मसान्त भित्र | राजश्व शाखा वा इकाई र वडा कार्यालय |
| | गाउँबासीको मालपोत सम्बन्धी तथ्याङ्क तथा कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने | २०८० आषाढ मसान्त भित्र | राजश्व शाखा वा इकाई |
| २ | **सवारी कर (टागा, रिक्सा, अटो रिक्सा, ई रिक्सा)** | | |
| | टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा इजाजत कार्यविधि तर्जुमा गर्ने । | २०७९ कार्तिक मसान्त भित्र | राजश्व परामर्श समिति र गाउँ कार्यपालिका |
| | गापाक्षेत्रमा गुड्ने टाडा, रिक्सा, अटो रिक्सा तथा ई रिक्साहरुको दर्ता तथा नविकरण दस्तुर निर्धारण गरी सवारीहरु दर्ता गर्ने । | २०७९ श्रावण देखि | प्राविधिक शाखा तथा राजश्व शाखा |
| ३ | **घर जग्गा वहाल कर** | | |
| | घरजग्गा वहाल कर प्रावधान आर्थिक ऐनमा अध्यावधिक व्यवस्था गर्ने । | २०७९ असार सम्म | स्थानीय राजश्व परामर्श समिति र गाउँ कार्यपालिका |
| | वहाल कर संकलन तथा व्यवस्थापन सम्बन्धी कार्यविवधि निर्माण तथा कार्यान्वयन गर्ने | २०७९ पौष मसान्त्र भित्र | स्थानीय राजश्व परामर्श समिति र गाउँ कार्यपालिका |
| | वहालमा भएका घरजग्गाको लगत अद्यावधिक गरी घरजग्गा वहाल कर रकम निर्धारण तथा असुल गर्ने । | २०७९ पौष मसान्त्र भित्र | राजश्व शाखा र वडा कार्यालय |
| ४ | **व्यवसाय कर** | | |
| | ब्यवसाय कर संकलन तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयन ल्याउने । | २०७९ पौष मसान्त भित्र | स्थानीय राजश्व परामर्श समिति र कार्यपालिका |
| | व्यवसाय करको दरलाई वर्गिकरणको आधारमा पुनरावलोकन गरि आर्थिक ऐनमा समावेश गर्ने । | २०७९ असार सम्म | राजश्व परामर्श समिति र गाउँ सभा |
| | गाउँ क्षेत्रमा व्यवसाय संचालनको लागि गाउँपालिकाको इजाजत लिनुपर्ने ब्यवस्था अनिवार्य गरि व्यापक प्रचार प्रसार गर्ने । | २०७९ श्रावण देखि | राजश्व शाखा र वडा कार्यालय |
| | व्यवसायको तथ्याङ्क/लगत संकलन गरि अभिलेख राख्नेतथा संकलनको अवस्था सम्बन्धी अनुगमन तथा मुल्यांकन गर्ने | २०७९ माघ देखि | राजश्व शाखा वा इकाई र वडा कार्यालयहरु |
| | उद्योग वाणिज्य संघ, आन्तरिक राजश्व कार्यालय, घरेलु कार्यालय तथा अन्य मुख्य सरोकारवालासँग गाउँपालिकाले समन्वय र नियमित अन्तरक्रिया गर्ने । | २०७९ श्रावण वाट निरन्तर | राजश्व शाखा वा इकाई |
| ५ | **जडीवुटी, कवाडी र जिबजन्तु कर** | | |
| | जडिवुटी, जिवजन्तु तथा कवाडी वस्तु सम्बन्धी कर संग सम्बन्धित अध्ययन तथा तथ्याँक संकलन र अध्यावधिक गर्ने | २०७९ चैत्र मसान्त भित्र | स्थानीय राजश्व परामर्श समिति र राजश्व शाखा वा इकाई |
| | सम्भाव्यता अध्ययनका आधारमा कर दर निर्धारण तथा संकलन गर्ने | २०८० आषाढ मसान्त्र भित्र | राजश्व शाखा र स्थानीय राजश्व परामर्श समिति |

## ग. गैर कर राजश्व सुधार योजना

| क.सं. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | सपयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १. | **खानीजन्य बस्तु (ढुङ्गा, गिटी, रोडा, वालुवा, पुरुवा, माटो आदि) विक्री** | २०७९ श्रावण देखि | राजस्व परामर्श समिति, प्राविधिक शाखा, गाउँकार्यपालिका |
| २. | **नक्सापास दस्तुर** | | |
| | गाउँपालिका गठन पुर्व निर्माण भएमा र हालको मापदण्ड पुरा गरेका संरचनाहरुलाई अभिलेखिकरणको लागि न्यूनतम दस्तुर निर्धारण गरी नियमित गर्ने । | २०७९ श्रावण देखि | प्राविधिक शाखा, गाउँकार्यपालिका |
| | भवन मापदण्ड निर्धारण तथा कार्यान्वयन गर्ने, निर्माण भई रहेका भवनहरु नक्सा पास भए नभएको अनुगमन गर्ने र नभई निर्माण भएको पाईएमा निर्माणमा रोक लगाउने । | २०७९ फाल्गुण देखि | वडा कार्यालय र प्राविधिक शाखा |
| ३ | **दर्ता, नविकरण तथा अनुमति दस्तुर** | | |
| | विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो संचालन, स्थानीयस्तरमा व्यापारीक फर्म आदिको दर्ता गर्ने कार्यविधि तर्जुमा गर्ने र दर्ता तथा नविकरण दस्तुरको दर आर्थिक ऐनमा समावेश गर्ने । | २०७९ पौष मसान्त सम्म | राजस्व परामर्श समिति, गाउँ कार्यपालिका |
| ४ | **सिफारिश तथा अन्य सेवा शुल्क** | | |
| | सिफारिश तथा अन्य सेवा शुल्कको दर पुनरावलोक गरि आवश्यकता अनुसार परिमार्जन गर्ने । | २०७९ असार मसान्त सम्म | राजस्व परामर्श समिति, गाउँ सभा |

# परिच्छेद – छः
# आगामी ३ बर्षको आय प्रक्षेपण

परिच्छेदमा गापाको राजश्व अधिकार, हालको आय संकलन अवस्था तथा राजश्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्ये नजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। प्रक्ष्येपण महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ को ढाँचामा प्रस्तुत गरिएको छ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन पश्चात आगामी तीन वर्ष (आ.व. २०७६।७७ देखि २०७८।७९) मा देहाय अनुसारको आय वृद्धि हुने अनुमान गरीएको छ। त्यसै गरि केही शिर्षकहरुको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको बृद्धिदरलाई आधार मानिएको छ।

**तालिका ६.१: राजस्व सूधार कार्ययोजनाका आधारमा आय प्रक्षेपणका आधारहरु**

| राजश्व संकेत | राजश्व शिर्षक | कुल सम्भाब्यता (रु ) | आय प्रक्षेपणका आधारहरु |
|---|---|---|---|
| ११३१३ | सम्पत्ति कर | ९५००००. | पहिलो बर्ष सम्भाब्यताको ५० प्रतिशत संकलन हुने र त्यसपछि वार्षिक १५ प्रतिशतले बृद्धि हुने |
| ११३१४ | मालपोत | ११४४०००। | पहिलो बर्ष सम्भाब्यताको ८० प्रतिशत संकलन हुने र त्यसपछि वार्षिक १५ प्रतिशतले बृद्धि हुने |
| ११३२१ | घर बहाल कर | ३६००० | वहाल करमा पहिलो बर्ष कुल संभावनाको ७० प्रतिशत संकलन हुने र त्यसपछिका आ.व.हरुमा २० प्रतिशतले बृद्धी हुदै जाने अनुमान |
| ११३२२ | बहाल विटौरी शुल्क | ० | हाटवजार विटौरी र सार्वजनिक जग्गाको वहाल विटौरी शुल्कवाट पहिलो वर्ष कुल संभावनाको १०० प्रतिशत संकलन हुने र त्यसपछिका आ.व.हरुमा १५ प्रतिशतले बृद्धी हुदै जाने अनुमान |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ५३७४५०००. | राजश्व बाँडफाँड बापत चालु आवका लागि संघीय सरकारवाट प्राप्त ७,१६,६०,००० को ७५ प्रतिशत रकम अर्थात रु. ५,३७,४५,०० मु.अ.कर बापत प्राप्त भएको अनुमान।<br>सोही आधारमा अगामी आ.व.हरुमा १० प्रतिशतले उक्त रकम बृद्धिहुने अनुमान गरिएको। |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | १९१०५०००। | राजश्व बाँडफाँड बापत चालु आवका लागि संघीय सरकारवाट प्राप्त ७,१६,६०,००० को २५ प्रतिशत रकम अर्थात रु. १,९१,०५,००० अन्तःशुल्क बापत प्राप्त भएको अनुमान।<br>सोही आधारमा अगामी आ.व.हरुमा १० प्रतिशतले उक्त रकम बृद्धिहुने अनुमान गरिएको। |

| राजश्व संकेत | राजश्व शिर्षक | कुल सम्भाब्यता (रु ) | आय प्रक्षेपणका आधारहरु |
|---|---|---|---|
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने शुल्क | ० | सडक पुर्वाधार र फेरी सेवा वापत । सत प्रतिशत संकलनको अनुमान गरीएको छ । |
| ११४७२ | विज्ञापन कर | ० | यस शिर्षकमा तत्काल सम्भावना नदेखिएको |
